# अन्तरिम सरकारका मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिता

नेपालको अन्तरिम संविधान, २०६३ तथा विस्तृत शान्ति सम्झौता लगायत आठ राजनीतिक दलहरुका बीच भएका विभिन्न सहमति र सम्झौता अनुरुप मुलुकलाई लोकतन्त्र, दिगो शान्ति, स्थिरता र अग्रगमनको मार्गमा डोऱ्याउँदै जनताको भावना एवं देशको आवश्यकता अनुरुप काम गर्ने अन्तरिम सरकारका मन्त्रीहरुले निम्नलिखित आचार संहिताको पूर्ण रुपमा पालना गर्नेछन् ।

१. लोकतन्त्रको सर्वोपरी आदर्श, संविधान र कानूनद्वारा निर्दिष्ट मापदण्ड एवं मान्यता अनुरुप मन्त्रिपरिषद्को सामूहिक उत्तर दायित्व र व्यक्तिगत जिम्मेवारीको सिद्धान्तलाई सदैव परिपालना गर्ने ।

२. सरकारको चरित्र अन्तरिम तथा सर्वदलीय भएको कुरालाई आत्मसात् गरी राष्ट्र र जनता प्रति पूर्ण रुपमा उत्तरदायी रहनुको साथै कुनै प्रलोभन एवं दवावमा नपरी स्वच्छ आचरण एवं उच्च नैतिकता कायम गर्दै आफ्नो जिम्मेवारी इमान्दारीका साथ पूरा गर्ने ।

३. राष्ट्र र जनताको सर्वोपरी हितलाई ध्यानमा राखी आठ दलद्वारा अनुमोदित साझा सहमतिको न्यूनतम् कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध हुँदै त्यस्को कार्यान्वयनको लागि निष्पक्ष र सक्रियता पूर्वक कार्य गर्ने ।

४. पदमा वहाली हुँदा र पदमुक्त हुँदा आफ्नो सबै सम्पत्ति विवरण सार्वजनिक गर्ने ।

५. प्रधानमन्त्रीले मन्त्रीहरुलाई सरकार संचालन तथा साझा सहमतिको न्यूनतम कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा आवश्यक निर्देशन दिने तथा मन्त्रीहरुले उक्त कार्यका लागि प्रधानमन्त्रीलाई पूर्ण रुपमा सहयोग गर्ने ।

६. मन्त्रीहरुले आफ्नो कर्तव्यको निर्वाह निर्धारित विधि र पद्धति अनुरुप सम्पादन गर्ने ।

७. आठ दलको संयुक्त समन्वय समितिका सुझावहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने ।

८. प्रचलित कानून विपरित पद र अख्तियारको कुनैपनि किसिमले दुरुपयोग नहोस् भन्नेतर्फ सचेत रहँदै अनियमित तथा भ्रष्टाचारजन्य कार्यबाट पूर्णरुपमा मुक्त रहने । पदको उच्चतम् गरिमालाई कायम राख्दै आफ्नो पक्ष, आफन्त वा परिवारका सदस्यहरुको लागि कुनै किसिमको अनुचित र गैरकानुनी सुविधा उपलब्ध नगराउने ।

९. मानवअधिकार, प्रजातान्त्रिक मूल्य र मान्यता, सामाजिक मर्यादा तथा पदीय प्रतिष्ठा अनुकूल काम गर्दै सोही अनुरुप आचरण गर्ने ।

१०. पदीय गोपनीयता कायम गर्दै शिष्टाचार र अनुशासनको पूर्णरुपमा पालना गर्ने । मुलुक र जनताको हित विपरितका कुनै पनि क्रियाकलापबाट अलग रहने तथा पदीय मर्यादा, प्रतिष्ठा र जिम्मेवारीमा आँच पुग्नजाने गरी कसैसंग सम्बन्ध नराख्ने ।

११. पदीय जिम्मेवारी निर्वाह गर्दा व्यक्तिगत स्वार्थबाट प्रभावित नभई सार्वजनिक हितको पक्षपोषण गर्ने तथा कुनै प्रकारको आय आर्जन गर्ने अन्य पदमा नरहने ।

१२. कसैबाट पनि महंगा उपहार र आर्थिक लाभ नलिने तथा स्वदेश वा विदेशमा भएका औपचारिक भ्रमण, समारोह वा अन्य बैठकहरुमा प्राप्त भएका प्रयोग भई जाने बाहेकका उपहार सरकारलाई बुझाउने ।

१३. मितव्ययिताको सिद्धान्त अपनाउने ।

१४. अनावश्यक र औचित्यहीन महंगा भ्रमण कार्यक्रममा संलग्न नहुने ।

१५. मन्त्रिपरिषद्भित्र मतमतान्तर भएका विषयहरुमा सार्वजनिक रुपमा विवाद नगर्ने । यस्ता समस्या वा विवादको निराकरण सर्वप्रथम सरकार संचालनका स्थापित विधि र प्रक्रिया अनुसार गर्ने । विवाद समाधानका लागि आवश्यक भएमा संयुक्त समन्वय समितिको सहयोग लिने ।

१६. सार्वजनिक संचारका माध्यमहरुलाई निष्पक्ष राखी सबैका विचार र समाचारलाई समान र समुचित किसिमले प्रसार गर्ने व्यवस्था गरिनेछ ।

१७. संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्ने काममा प्रतिकूल प्रभाव पार्ने गरी राज्यको कुनैपनि संयन्त्र, साधन र स्रोतको दुरुपयोग गरिने छैन ।

१८. संयुक्त समन्वय समितिको सुझाव ध्यानमा राख्दै पदीय हैसियतबाट गरिने कुनैपनि मनोनयन र नियुक्ति आग्रह वा पूर्वाग्रहबाट मुक्त रही सार्वजनिक हित अनुरुप निष्पक्ष रुपमा गर्ने । जाति, सम्प्रदाय, धर्म, लिङ्ग, क्षेत्र र राजनीतिक विचार धाराको आधारमा विभेद नहोस् भन्ने कुरामा ध्यान दिने ।

१९. सम्बन्धित राजनीतिक दलबाट फिर्ता बोलाइएको अवस्थामा पदबाट राजीनामा गर्ने ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com